स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



अभिनेता सीताराम क`ल (धुर्मुस)ले आफ्नो पीडा सरकारलाई राख्दै न्याय माग्न स्वदेश फर्किएको बताएका छन् । भरतपुर क्रिकेट रंगशाला निर्माणमा रहेको १८ करोड ४३ लाख रुपैयाँ ऋणको विषयमा नेपाल सरकारसँग छलफल गर्ने उनको भनाइ छ । रङ्गशालाको विषयमा केन्द्रीय सरकार, भरतपुर महानगरपालिका लगायतसँग छलफल समेत गर्नेछु ।

**आजको विचार...**



लोकतन्त्र...
*(दुई पेजमा)*

डा. शोभाकर पराजुली

कलाकार माओत्से गुरुङको निर्देशनमा बनेको फिल्म "पेन्सन प ।"को विदेश प्रदर्शन अधिकार बिक्री हुन थालेको छ । तीजको अवसर पारेर भदौ २६ गतेबाट प्रदर्शनमा आउन लागेको यस फिल्मको बेलायत र हङकङमा प्रदर्शन अधिकार बिक्री भएको हो । फिल्मलाई बेलायतमा सपन इन्टरटेन्टमेन्ट र हङकङमा मेन ड्रागनले प्रदर्शन गर्नेछन् । निर्देशक गुरुङले पोस्टरबाहेक फिल्मका अन्य कुनै प्रचार सामग्री सार्वजनिक नहुँदै दुई देशमा प्रदर्शन अधिकार बिक्रीले उत्साहित बनाएको बताए ।



❒ वर्ष ३१ ❒ अंक ३१० ❒ २०८३ जेठ २५ गते सोमबार 8 June 2026, Monday ❒ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## सक्षिप्त समाचार

### अछाममा जिप दुर्घटना हुँदा १ को मृत्यु

रासस

**अछाम,** जेठ २४/अछामको कमलबजार नगरपालिका- ७ स्थित क्वाल्लेखमा जिप दुर्घटना हुँदा एक जनाको मृत्यु भएको छ । गएराति तुर्माखाँद गाउँपालिका-३ निवासी २६ वर्षका पुष्प बुढाले चलाएको से १ ज ६१३ नम्बरको जीप दुर्घटना हुँदा कमलबजार नगरपालिका-७ का ३४ वर्षीय कर्ण भाटको मृत्यु भएको हो । जिप सडकबाट दुई सय मिटर तल खसेको थियो । दुर्घटनामा गम्भीर घाइते हुनुभएका भाटको जिल्ला अस्पतालमा उपचारका क्रममा मृत्यु भएको जिल्ला प्रहरी कार्यालका प्रमुख प्रहरी नायब उपरीक्षक ओमप्रकाश खनालले जानकारी दिए । इलाका प्रहरी कार्यालय कमलबजारबाट प्रहरी निरीक्षक सरोजकुमार कैलाको कमाण्डमा गएको प्रहरी टोलीले घाइतेको तत्काल उद्धार गरी उपचारका जिल्ला अस्पताल मङ्गलसेन लगिएको थियो । दुर्घटनामा अन्य दुई जना घाइते भएका छन् । घाइते हुनेमा मृतक भाटका १३ वर्षीय छोरा मीनबहादुर भाट र सोही ठाउँका ३० वर्षीय बद्री भाट रहेका छन् भने दुवै जनालाई थप उपचारका लागि प्रादेशिक अस्पताल सुर्खेत रेफर गरिएको प्रहरीले जनाएको छ । जिप चालक प्रहरीको नियन्त्रणमा रहेका छन् ।

## नेतृत्व र लोकतन्त्र सिकाउने प्रभावकारी माध्यम

# 'विद्यालयमा संसद् अभ्यास'

**रामचन्द्र रायमाझी/रासस**

तानसेन (पाल्पा), जेठ २४/ एउटा ठूलो हल (संसद) छ । त्यही हलमा सभामुख र उपसभामुखको प्रवेश हुन्छ । सांसदहरु आ-आफ्नो ठाउँबाट उठ्छन् । सभामुखले राष्ट्रिय गानसँगै बैठक प्रारम्भ गर्छिन् । त्यसपछि क्रमैसँग सांसदले आ-आफ्नो क्षेत्रका विशेष मुद्दालाई संसद्को ध्यानाकर्षण गराउँछन् । सत्तापक्ष र प्रतिपक्षबीच निकैबेर सवाल(जवाफ चल्छ ।

संसद्मा बाँदरका कारण बसाईसराई बढेकोदेखि सिँचाइ अभाव हुँदै सडक, पुल नहुँदा ग्रामीण क्षेत्रका नागरिकले पाएका सास्तीका विषयले प्राथमिकता पाउँछ । सत्ता पक्षका प्रधानमन्त्रीदेखि मन्त्री र सांसदले सरकारका कामको रक्षात्मक जवाफ पेस गरे भने प्रतिपक्षका सांसदहरूले सरकारको कामकारबाहीको कडा आलोचना गरे । यसलाई हेर्दा लाग्थ्यो साँच्चीकै संसद् चलिरहेको छ । तर, यो दृश्य तानसेनस्थित देववाणी संस्कृत तथा साधारण माध्यमिक विद्यालयका विद्यार्थीहरुले सञ्चालन गरेको नमुना युवा संसद् कार्यक्रमअन्तर्गतको संसदीय




अभ्यास हो । सामाजिक सञ्जाल, मोवाइल, इन्टरनेटको माध्यमबाट संसद्को गतिविधि हेर्दै आएका यहाँका विद्यार्थीले नमूना युवा संसद् कार्यक्रम सञ्चालन गरी संसदीय अभ्यास गरेका हुन् । विद्यालयको आयोजना र टोनी हेगन फाउण्डेसन नेपालको प्राविधिक सहयोगमा भएको नमुना युवा संसद् अभ्यास कार्यक्रमले बालबालिकाको क्षमता विकासमा सहयोग पुगेको छ । नमूना संसदीय अभ्यासमा विद्यालयका कक्षा ६ देखि ११ कक्षासम्म अध्ययन गर्ने बालबालिकाले संघीय संसद्मा हुने सबै किसिमका नियम, प्रक्रिया पालना गर्दै कार्यक्रम सञ्चालन गरेका थिए । विद्यार्थीहरुले सभामुख, उप(सभामुख, संसद् सचिवालयका कर्मचारी, प्रधानमन्त्री, मन्त्री, संसदीय दलको नेता, उपनेता, प्रमुख सचेतक, सचेतक, सत्तापक्ष सांसद, प्रतिपक्ष सांसद, मर्यादापालक, दर्शक र पत्रकारको भूमिका निर्वाह गरे । सभामुखको भूमिकामा रहेकी स्वस्तिका पाण्डे संसद् भवनमा प्रवेश गर्ने बित्तिकै राष्ट्रिय गान बज्यो । संसद् भवनमा राष्ट्रिय गानपछि सभामुखको भूमिकामा रहेकी .पाण्डेले शून्य समय शुरु गरिन् । शून्य समयमा सांसदको भूमिकामा बालबालिकाहरुले सार्वजनिक महत्वका विषयमा एक/एक मिनेट आ-आफ्ना धारणा राख्दै सरकारको ध्यानार्कषण गराए । संसदमा उठेका विषयवस्तु तत्काल कार्यान्वयन गरी जनतालाई राहत दिन युवा सांसदहरुले माग गरे । सभामुख बनेकी पाण्डेले शून्य समयमा उठेका प्रश्नहरुको जवाफ दिन सम्बन्धित मन्त्री नभएको बताउँदै शून्य समय सकिएको घोषणा गरिन् । सभाहलमा भएको यस्ता गतिविधिले बालबालिकादेखि शिक्षक शिक्षिकाहरुलाई संसद भवनभित्रै रहेको महसुस गराएको थियो । नमुना युवा संसदमा बालबालिकाले सङ्कल्प प्रस्ताव पेस गरे ।

*-बाँकी अन्तिम पेजमा..*

## रास्वपा पाल्पाको सभापतिमा भण्डारी



**पाल्पा,** जेठ २४/राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) पाल्पाको सभापतिमा विष्णुप्रसाद भण्डारी निर्विरोध निर्वाचित भएका छन् । तानसेनमा भएको प्रथम जिल्ला अधिवेशनले भण्डारीलाई सभापतिमा निर्विरोध निर्वाचित गरेको हो ।


भण्डारी यसअघिको तदर्थ समितिमा समेत सभापतिको जिम्मेवारी मै थिए । सभापतिको लागि सुमन गैरे र भण्डारीबिच बेलुकी अबेरसम्मै रस्साकस्सी भए पनि अन्ततः सहमतिमा नेतृत्व चयन भएको हो । पार्टीको उपसभापतिमा सोमप्रसाद (सुमन) गैरे निर्विरोध भएका छन् । उनी पनि यस अघिको उपसभापति थिए । यस्तै सचिवमा चार जना आकांक्षीबीच रामपुरका हरिप्रसाद न्यौपाने, सहसचिव दिलीप घिमिरे निर्विरोध भएका छन् । त्यस्तै, कोषाध्यक्ष आगामी दिनमा जिल्ला समितिले आवश्यक निर्णय गरी मनोनयन गर्ने भएको छ । सदस्यहरुमा दुर्गाकुमारी अर्याल, अविता नेपाली, दिपेन्द्र गाहा, प्रेम राना, ईश्वरी पोखरेल निर्विरोध भएका छन् ।

## महिला जनप्रतिनिधिमाथि दुर्व्यवहारको घटनामा निष्पक्ष अनुसन्धानको माग

## प्रहरी प्रशासनको भूमिकाप्रति दलहरूको आपत्ति

**गुल्मी,** जेठ २४/महिला जनप्रतिनिधिमाथि भएको दुर्व्यवहारको घटनामा निष्पक्ष छानबिन गरी दोषीमाथि कानुनी कारबाही गर्न जिल्लाका विभिन्न राजनीतिक दलहरूले माग गरेका छन् । नेपाली कांग्रेस, नेकपा (एमाले), नेकपा र राष्ट्रिय जनमोर्चाले संयुक्त प्रेस विज्ञप्ति जारी गर्दै गुल्मीको इस्मा गाउँपालिकाकी उपाध्यक्ष माथि भएको दुर्व्यवहारको घटनालाई लिएर निष्पक्ष छानबिन गरी दोषीमाथि कानुनी कारबाही गर्न दलहरुले माग गरेका हुन् ।

२०८३ जेठ ८ गते सिमलटारीमा आयोजित आध्यात्मिक ज्ञान जागरण एवं वैदिक संस्कृति संरक्षण समाजको कार्यक्रममा सहभागी हुन जाने क्रममा महिला जनप्रतिनिधि तथा कर्मचारीहरूमाथि दुर्व्यवहारको भएको घटना बाहिरिएको थियो । विज्ञप्तिअनुसार कार्यक्रममा सहभागी हुन जाने टोलीलाई केही व्यक्तिहरूले



पछ्याउने, बाटोमा रोक्ने, गालीगलौज गर्ने, धम्की दिने तथा सवारी चालकलाई समेत कुटपिट गर्ने जस्ता गतिविधि गरेका थिए । घटनामा संलग्न व्यक्तिहरूले पूर्वयोजनाअनुसार कार्य गरेको आशंका व्यक्त गर्दै दलहरूले यसको गहिरो अनुसन्धान हुनुपर्ने बताएका छन् । संयुक्त विज्ञप्तिमा पीडित पक्षले दिएको जाहेरी तत्काल दर्ता नगरी ढिलाइ गरिएको तथा जनप्रतिनिधिहरूको दबाबपछि मात्र प्रहरीले उजुरी दर्ता गरेको आरोप लगाइएको छ । जाहेरी दर्तापछि पनि लामो समयसम्म प्रभावकारी अनुसन्धान अगाडि नबढाइएको भन्दै दलहरूले प्रहरी प्रशासनको कार्यसम्पादनमाथि प्रश्न उठाएका छन् । महिलाहरूले न्यायको माग गर्दै आन्दोलन थालेपछि मात्र केही आरोपितलाई नियन्त्रणमा लिइएको तर अनुसन्धान प्रक्रिया चलिरहेको जानकारी गराउँदै उनीहरूलाई रिहा गरिएको दाबी पनि विज्ञप्तिमा गरिएको छ । यस घटनाले प्रशासन र प्रहरीको निष्पक्षतामाथि गम्भीर प्रश्न उठाएको दलहरूको भनाइ छ । महिला जनप्रतिनिधिहरूले आफ्नो कार्यक्षेत्रमा निर्भीक र सुरक्षित रूपमा काम गर्न पाउने वातावरण सुनिश्चित गर्नु राज्यको दायित्व भएको उल्लेख गर्दै दलहरूले गुल्मी प्रशासन र प्रहरीको भूमिकालाई निन्दनीय बताएका छन् ।

*-बाँकी अन्तिम पेजमा...*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना

# सम्पादकीय

## विषादी तरकारी उपभोग गर्दा ख्याल गरौँ

पछिल्लो समय बजारमा उपलब्ध तरकारी तथा फलफूलमा अत्यधिक मात्रामा विषादी प्रयोग हुने गरेको पाइएको छ । व्यापारका नाममा जनस्वास्थ्यको ख्याल नगरी जथाभावी रुपमा तरकारीमा विषादी राख्ने गरिएको छ । अहिले बजारमा आउने हरेक किसिमका तरकारीहरुमा विषादी भए पनि त्यसको परीक्षण भने हुन सकेको छैन । अहिले पाल्पासहित धेरै जिल्लाका बजारहरुमा साँझ्का औषधि राखेर विहानै टिपेर तरकारी बजार ल्याउने गरिएको छ । केही दिन अघि बुटवलमा बिक्रीका लागि चितवनबाट ल्याइएको तरकारीमा अत्यधिक मात्रामा विषादी फेला परेको पाइएको छ । त्यति मात्रध हैन दूधमा समेत विषादी भेटिएको छ । जुन चिन्ताको विषय हो । उत्पादन बढाउने र कीराको प्रकोप नियन्त्रण गर्ने नाममा प्रयोग गरिने विषादीको अवशेष तरकारीमा बाँकी रहँदा यसले मानव स्वास्थ्यमा गम्भीर असर पार्न सक्छ । त्यसैले विषादीयुक्त तरकारीको उपभोगबारे सबै नागरिक सचेत हुन आवश्यक छ । विषादीको अत्यधिक प्रयोगले शरीरमा विभिन्न स्वास्थ्य समस्या निम्त्याउन सक्छ ।

दीर्घकालीन रूपमा यस्ता रसायनको प्रभावले क्यान्सर, स्नायु प्रणालीसम्बन्धी समस्या, हार्मोन असन्तुलन तथा अन्य जटिल रोगको जोखिम बढाउन सक्छ । यसकारण उपभोक्ताले तरकारी खरिद र प्रयोग गर्दा विशेष सावधानी अपनाउनुपर्छ ।तरकारीलाई प्रयोग गर्नुअघि सफा पानीले राम्ररी धुने, केही समय पानीमा भिजाएर राख्ने तथा सम्भव भएसम्म बोक्रा हटाएर प्रयोग गर्ने बानीले विषादीको मात्रा केही हदसम्म कम गर्न मद्दत गर्छ । साथै, स्थानीय तथा प्राङ्गारिक उत्पादनलाई प्राथमिकता दिनु पनि सुरक्षित विकल्प हुन सक्छ । यस विषयमा केवल उपभोक्ता मात्र होइन, किसान, व्यापारी र सम्बन्धित सरकारी निकाय पनि उत्तिकै जिम्मेवार हुनुपर्छ । किसानलाई सुरक्षित र सन्तुलित विषादी प्रयोगबारे तालिम दिनु, बजारमा नियमित अनुगमन गर्नु तथा गुणस्तर परीक्षणलाई प्रभावकारी बनाउनु आजको आवश्यकता हो । स्वस्थ जीवनका लागि सुरक्षित खाद्य वस्तुको उपभोग अपरिहार्य छ । त्यसैले विषादीयुक्त तरकारीको जोखिमप्रति सबै पक्ष सचेत बन्दै उत्पादनदेखि उपभोगसम्म जिम्मेवार व्यवहार अपनाउन जरुरी छ ।

### Opinion @ Social Network

जिन्दगीले जति परिक्षा लिए पनि,
आत्मविश्वास बलियो छ भने हार कहिल्यै स्थायी हुदैन ।
*(सबिना श्रेष्ठको फेसबुक स्टाटसबाट www.facebook.com/Sabina.Shrestha)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# लोकतन्त्र, समाजवाद र नेपालको भविष्य



**डा. शोभाकर पराजुली**

नेपालको संविधान (२०७२) ले देशलाई लोकतान्त्रिक मूल्य-मान्यतामा आधारित समाजवाद उन्मुख राज्यका रूपमा परिभाषित गरेको छ । संविधानको प्रस्तावनामै कोरिएको यो वाक्यांश केवल कानुनी शब्दजाल वा राजनीतिक सङ्कलन मात्र होइनह यसले नेपालको भावी राजनीतिक, आर्थिक र सामाजिक यात्राको ऐतिहासिक दिशा सङ्केत गर्छ। तर विडम्बना के छ भने, संविधान जारी भएको दशक पुग्न लाग्दा पनि 'समाजवाद उन्मुख' राज्यको लक्ष्य तय गरेअनुरूप यसको वास्तविक अर्थ, स्वरूप र कार्यान्वयनको मोडेलबारे अझै स्पष्ट राष्ट्रिय सहमति बन्न सकेको छैन । राजनीतिक दलहरूले चुनावी घोषणापत्रदेखि संसद्का रोस्ट्रम र सार्वजनिक भाषणसम्म समाजवादको नारा निरन्तर दोहोऱ्याइरहेका छन् । तर, आम नागरिकको दैनिक जीवनमा त्यसको अनुभूति भने अत्यन्त कमजोर, बरु उल्टो महँगो र कष्टकर बन्दै गएको छ । यसैकारण आज नेपाली समाजमा एउटा गम्भीर र पेचिलो प्रश्न उठ्न थालेको छ- नेपालले खोजिरहेको समाजवाद वास्तवमा कस्तो हो ? लोकतान्त्रिक समाजवाद कि समाजवादी लोकतन्त्र ? वा हामी केवल शब्दको बहकाउमा छौं, तर त्यसको वैचारिक गहिराइ र व्यावहारिक अर्थ बुझ्न पूर्णत: असफल भइरहेका छौं ? विश्व राजनीति र राजनीतिक दर्शनको इतिहासलाई हेर्ने हो भने 'लोकतान्त्रिक समाजवाद' र 'समाजवादी लोकतन्त्र' दुई फरक र कतिपय अवस्थामा विपरीत धारका अवधारणा हुन् । यी दुवै शब्द सुन्दा उस्तै र परिपूरक लागे पनि राज्यको चरित्र, नागरिक स्वतन्त्रता, अर्थतन्त्रको स्वामित्व र राजनीतिक शक्तिको वितरणलाई हेर्ने दृष्टिकोणमा यिनीहरूबिच निकै गहिरो अन्तर छ । यस दर्शनले नागरिक स्वतन्त्रता, बहुदलीय प्रतिस्पर्धा, विचार र अभिव्यक्तिको अधिकार, स्वतन्त्र प्रेस, स्वतन्त्र न्यायपालिका र विधिको शासनलाई कुनै पनि परिस्थितिमा, कुनै पनि बहानामा कमजोर पार्न नहुने अकाट्य विश्वास राख्छ । तर, यही उदार लोकतान्त्रिक संरचनाभित्र रहेर आर्थिक असमानता घटाउने, सामाजिक न्याय कायम गर्ने र राज्यलाई नागरिकको आधारभूत आवश्यकताप्रति उत्तरदायी बनाउने यसको मुख्य लक्ष्य रहन्छ । यस अवधारणाको मूल दर्शन के हो भने, राजनीतिक स्वतन्त्रताविनाको आर्थिक समानता अन्तत: अधिनायकवादमा परिणत हुन्छ, र आर्थिक न्यायविनाको राजनीतिक स्वतन्त्रता केवल सम्पन्न वर्गको विशेषाधिकार बनेर सीमित हुन्छ । त्यसैले लोकतान्त्रिक समाजवादले राजनीतिक स्वतन्त्रता र सामाजिक न्यायलाई परस्पर विरोधी होइन, परस्पर पूरक तत्त्वका रूपमा अङ्गीकार गर्छ । यसैकारण यस अवधारणाले निजी क्षेत्रलाई पूर्ण रूपमा निषेध गर्दैन। बजार अर्थतन्त्र, निजी लगानी र उद्यमशीलतालाई स्वीकार गरिन्छ, तर राज्यले नियमन, सामाजिक उत्तरदायित्व र न्यायोचित पुनर्वितरणमार्फत असमानता नियन्त्रण गर्नुपर्छ भन्ने मान्यता राखिन्छ । यसको विपरीत, समाजवादी लोकतन्त्रको अवधारणा मुख्यत: राज्य-केन्द्रित वा परम्परागत वामपन्थी समाजवादी संरचनासँग जोडिन्छ । यहाँ समाजवाद नै अन्तिम र निरपेक्ष लक्ष्य हो, र लोकतन्त्र वा राजनीतिक व्यवस्था त्यसलाई टिकाउने वा त्यसतर्फ लैजाने एउटा प्राविधिक माध्यम मात्र बन्न पुग्छ । यस प्रणालीमा राज्य र सत्ताधारी पार्टीको संरचना सर्वशक्तिमान हुन्छ। उत्पादनका साधन, ठुला उद्योग, प्राकृतिक स्रोत र समग्र आर्थिक संरचनामाथि राज्यको प्रत्यक्ष नियन्त्रण वा स्वामित्वलाई अनिवार्य ठानिन्छ । यस्तो व्यवस्थामा बहुदलीय प्रतिस्पर्धा सीमित वा अनुपस्थित हुन सक्छ, किनभने यस अवधारणाका समर्थकहरू उदार वा पश्चिमा लोकतन्त्रलाई 'धनी वर्गको लोकतन्त्र' मान्छन्। उनीहरूको तर्क के हुन्छ भने बहुदलीय व्यवस्था र खुला बजार अन्तत: सीमित सम्पन्न समूहको हितमा केन्द्रित हुन्छ, जहाँ गरिब नागरिकले मतदान त गर्न पाउँछ, तर आफ्नो आर्थिक र वर्गीय अवस्था परिवर्तन गर्न सक्दैन । पूर्वसोभियत सै, क्युबा र विशेषगरी छिमेकी मुलुक चीनका राजनीतिक र आर्थिक अनुभवहरू समाजवादी लोकतन्त्रको बहसमा जोडिएर आउने गर्छन् । चीनले 'चिनियाँ विशेषतासहितको समाजवाद' मार्फत पछिल्ला दशकहरूमा जुन तीव्र आर्थिक विकास हासिल गरेको छ, त्यो विश्व इतिहासमै अद्वितीय छ । करोडौं मानिसलाई गरिबीको रेखाबाट माथि उठाउने, विश्वस्तरीय भौतिक पूर्वाधार निर्माण गर्ने र संसारको दोस्रो ठुलो आर्थिक महाशक्ति बन्ने यात्रामा चीनको सफलता निसन्देह उल्लेखनीय छ । त्यहाँको बलियो राज्य संरचनाले दीर्घकालीन योजना बनाउने र ती योजनालाई दृढतापूर्वक लागु गर्ने अभूतपूर्व क्षमता प्रदर्शन गरेको छ । तर, यस मोडेलको अर्को पाटो पनि उत्तिकै विचारणीय छ । त्यहाँ राजनीतिक स्वतन्त्रता, प्रेस स्वतन्त्रता, खुला असहमति प्रकट गर्ने अधिकार र बहुदलीय प्रतिस्पर्धाको दायरा अत्यन्त सीमित छ । यही कारण चीनको मोडेल आर्थिक उपलब्धिका लागि संसारभर प्रशंसित भए पनि मानवअधिकार र नागरिक स्वतन्त्रताको विश्वव्यापी प्रश्नमा निरन्तर आलोचित हुँदै आएको छ । नेपालको सन्दर्भमा यी दुई अवधारणाबिचको बहस केवल प्राज्ञिक विमर्श मात्र होइन, यो अत्यन्त संवेदनशील र महत्त्वपूर्ण छ । किनभने नेपाल केवल एउटा भूगोल वा राजनीतिक संरचना होइन यो अत्यधिक बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक र बहुविचारयुक्त विविधताले भरिएको समाज हो । यस्तो जीवन्त र विविधतायुक्त समाजमा राजनीतिक स्वतन्त्रता सीमित गर्ने वा कुनै एक प्रकारको वैचारिक एकरूपता जबर्जस्ती थोपर्ने प्रयास गरियो भने, त्यसले स्थायित्वभन्दा बढी भयानक सामाजिक असन्तोष र विद्रोह जन्माउन सक्छ । नेपाली जनताले २००७ सालको प्रजातान्त्रिक आन्दोलनदेखि २०४६ को जनआन्दोलन, ०६२/०६३ को ऐतिहासिक जनआन्दोलन, सशस्त्र द्वन्द्वको शान्तिपूर्ण अवतरण र गणतन्त्र स्थापनासम्म बारम्बार लोकतन्त्र, नागरिक अधिकार र अभिव्यक्ति स्वतन्त्रताका लागि कठोर सैर्ष गरेका छन् । हजारौँ वीर सपुतहरूले जेल, यातना, निर्वासन र बलिदान बेहोरेका छन् । त्यसैले, केवल आर्थिक विकास वा समृद्धिको मोहजाल देखाएर नागरिकको राजनीतिक र व्यक्तिगत स्वतन्त्रता खुम्च्याउने कुनै पनि राजनीतिक वा आर्थिक मोडेल नेपाली समाज र माटोका लागि सहज स्वीकार्य हुने सम्भावना छँदै छैन । तर, आजको नेपालको वस्तुगत यथार्थलाई निर्मम भएर हेर्ने हो भने विचार र व्यवहारबिच एउटा ठुलो र भयावह खाडल देखिन्छ । संविधानले 'समाजवाद उन्मुख' राज्य त भन्यो, तर व्यवहारमा दलाल पुँजीवाद र आसेपासे अर्थतन्त्रले देशको अर्थतन्त्रलाई गाँजेको छ । राज्यका नीति, नियम र निर्णयहरू आम सोझा र सर्वसाधारण नागरिकको हितभन्दा सीमित राजनीतिक-व्यापारिक सिन्डिकेट र बिचौलिया समूहको स्वार्थ रक्षा गर्न केन्द्रित भइरहेको आरोप चौतर्फी लागिरहेको छ । कृषि क्षेत्रको उपेक्षा: मुलुक कृषिप्रधान भनिन्छ, तर किसानले खेती गर्ने मुख्य समयमा कहिल्यै मल र बिउ पाउँदैनन् । अनेक कष्ट गरेर उब्जाएको वस्तुको उचित मूल्य नपाएर किसान सडकमा तरकारी र दुध फाल्न बाध्य छन् । युवा श्रमको पलायन: देशभित्र रोजगारी र अवसरको खडेरी परेपछि प्रतिदिन हजारौँको सङ्ख्यामा ऊर्जावान् युवा जनशक्ति खाडी र मलेसियाका मरुभूमिमा आफ्नो रगत-पसिना बगाउन र कतिपय अवस्थामा बाकसमा फर्किन विवश छन् । शिक्षा र स्वास्थ्यको व्यापारीकरण: सरकारी वा सार्वजनिक विद्यालय र अस्पतालको अवस्था दिनप्रतिदिन खस्कँदो छ । शिक्षा र स्वास्थ्यजस्ता आधारभूत क्षेत्रहरू पहुँचवाला र धनीका लागि मात्र सुलभ र गुणस्तरीय बन्दै गएका छन् । आजको नेपाली राजनीतिमा एउटा खतरनाक र भ्रामक प्रवृत्ति मौलाएको छ– समाजवादलाई केवल चुनावी नारामा सीमित गर्ने र लोकतन्त्रलाई मात्र आवधिक निर्वाचन वा मतपेटिकासम्म खुम्च्याउने। चुनावका बेला जनतासामु समाजवाद, सुशासन, सामाजिक सुरक्षा र समृद्धिका ठुला-ठुला आकाशे कुरा गरिन्छ, तर सत्ता प्राप्त गरेलगत्तै राज्य संयन्त्रलाई दलीय भागबन्डा, संरक्षणवाद र व्यक्तिगत वा गुटगत स्वार्थपूर्तिको माध्यम बनाइन्छ । हाम्रा निष्पक्ष हुनुपर्ने सार्वजनिक संस्थाहरू, विश्वविद्यालयहरू र संवैधानिक निकायहरू चरम दलीय प्रभाव र हस्तक्षेपको चङ्गुलमा फसेका छन् । नियुक्तिहरू योग्यता र क्षमताभन्दा पनि राजनीतिक पहुँच र चाकरीका आधारमा हुने प्रवृत्ति संस्थागत भइसकेको छ । यस्तो आत्मघाती अवस्थाले लोकतन्त्रको नैतिक र दार्शनिक आधारलाई जगैदेखि कमजोर बनाएको छ । यदि लोकतन्त्रले नागरिकलाई सामाजिक न्याय, आर्थिक अवसर, सुरक्षा र आत्मसम्मान दिन सकेन भने जनतामा चरम निराशा र आक्रोश बढ्छ । यही जननिराशाको जगमा टेकेर कहिलेकाहीँ लोकतन्त्रविरोधी वा अधिनायकवादी सोच र पपुलिजमलाई समर्थन गर्ने घातक मनोविज्ञान जन्मिन सक्छ । विश्वका विभिन्न देशहरूमा बढ्दो आर्थिक असमानता, भ्रष्टाचार र राजनीतिक अस्थिरताका कारण स्थापित लोकतान्त्रिक संस्थाहरूप्रति जनविश्वास धर्मराएका उदाहरणहरू प्रशस्तै छन् । नेपालले बेलैमा यसबाट गम्भीर पाठ सिक्नुपर्छ । लोकतन्त्रलाई केवल पाँच वर्षमा दिइने भोटमा सीमित राखेर यसको रक्षा सम्भव छैन । लोकतन्त्रले नागरिकको भान्सा, उसको स्वास्थ्य र छोराछोरीको शिक्षामा सकारात्मक परिवर्तन ल्याउन सक्नुपर्छ । त्यसैले, नेपालका लागि सबैभन्दा उपयुक्त, व्यावहारिक र सुरक्षित मार्ग लोकतान्त्रिक समाजवाद नै हो । यसको अर्थ पश्चिमी शैलीको नवउदारवादी छाडा पुँजीवाद होइन, न त कठोर राज्य-नियन्त्रित कम्युनिस्ट व्यवस्था नै हो । नेपाललाई आज यस्तो सन्तुलित र मानवीय प्रणाली चाहिएको छ, जहाँ नागरिकको बोल्ने, लेख्ने र दल खोल्ने राजनीतिक स्वतन्त्रता पूर्ण रूपमा सुरक्षित रहोस्, तर सँगसँगै राज्यले शिक्षा, स्वास्थ्य, सामाजिक सुरक्षा र समान अवसरको जिम्मेवारी पनि दृढतापूर्वक वहन गरोस् । नागरिकले केवल 'बोल्ने अधिकार' मात्र पाएर पुग्दैन, उसले भोकै नमरी 'सम्मानपूर्वक बाँच्ने अवसर' पनि पाउनुपर्छ । जबसम्म गरिब र धनीका छोराछोरी फरक-फरक स्तरको विद्यालयमा पढ्न बाध्य हुन्छन्, तबसम्म सामाजिक न्यायको चर्चा केवल बौद्धिक विलास मात्र रहन्छ । जबसम्म सामान्य उपचारका लागि गरिब नागरिक आफ्नो जायजेथा बेच्न वा ऋणको दलदलमा डुब्न बाध्य हुन्छ, तबसम्म समाजवादको नारा खोक्रो र क्रूर सुनिन्छ । राज्यले सरकारी विद्यालय र सरकारी अस्पताललाई निजी क्षेत्रभन्दा बढी विश्वसनीय, प्रविधियुक्त र गुणस्तरीय बनाउन नसकेसम्म समाजवादप्रतिको जनविश्वास कहिल्यै बलियो हुन सक्दैन । लोकतन्त्रलाई जगैदेखि बलियो बनाउँदै, नागरिकको आर्थिक-सामाजिक न्याय सुनिश्चित गर्ने मार्गले नै नेपालको स्थायित्व, सार्वभौमिकता, समृद्धि र राष्ट्रिय एकताको बलियो आधार खडा गर्न सक्छ । यही नै लोकतान्त्रिक समाजवादको वास्तविक सार हो र नेपालको भविष्य पनि सम्भवत: यही बाटोमा मात्र सुरक्षित छ ।*-रातोपाटी डटकम*

### महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०७९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

### दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : मन चञ्चल रहनेछ। दैनिकीमा केही नयाँपन महसुस हुनेछ। | **तुला** : ज्ञान र अनुभव दुवैमा वृद्धि हुनेछ। मनमा उत्साह थपिनेछ। |
| **वृष** : खर्चभन्दा बचततर्फ सोच बढ्नेछ। सानो उपलब्धिले पनि खुसी दिनेछ। | **वृश्चिक** : हतारमा निष्कर्ष निकाल्नु उचित हुनेछैन। धैर्यले फाइदा दिलाउनेछ। |
| **मिथुन** : दिनभरि जाँगर र फुर्ती कायम रहनेछ। आत्मबल बलियो रहनेछ। | **धनु** : संवादले मनको अन्योल हटाउनेछ। सम्बन्धमा स्पष्टता आउनेछ। |
| **कर्कट** : पुराना अनुभवबाट राम्रो शिक्षा प्राप्त हुनेछ। मन हलुका बन्दै जानेछ। | **मकर** : स्वास्थ्यप्रति सचेत रहन होला। अनुशासनले उपलब्धि दिलाउनेछ। |
| **सिंह** : मनको चाहना पूरा गर्ने प्रयास बढ्नेछ। नयाँ लक्ष्यले ऊर्जा थप्नेछ। | **कुम्भ** : सिर्जनात्मक सोचले प्रशंसा दिलाउनेछ। दिन खुसीमय रहनेछ। |
| **कन्या** : कामप्रति लगन बढ्नेछ। लक्ष्यतर्फको यात्रा सहज रहनेछ। | **मीन** : परिवारसँग निकटता बढ्नेछ। आफ्ना मान्छेसँग समय बिताउन पाइनेछ। |

# शिक्षा

## सनवेमा एआई लक्षित नयाँ शैक्षिक कार्यक्रम




सनवे कलेजले कृत्रिम बुद्धिमत्ता (एआई), बिजनेस इन्टेलिजेन्स (बिआई) र डिजिटल व्यवसाय प्रणालीमा केन्द्रित बिएसी(हन्स) बिजनेस इन्फरमेसन टेक्नोलोजी(बिआइटी) नामक नयाँ शैक्षिक कार्यक्रम सुरु गरेको छ । कार्यक्रम सूचना प्रविधि र व्यवस्थापन शिक्षाको संयोजनमार्फत् बदलिँदो कर्पोरेट आवश्यकता सम्बोधन गर्ने उद्देश्यले ल्याइएको कलेजले जनाएको छ । कलेजका अनुसार आजको डाटाकेन्द्रित र एआईप्रेरित व्यावसायिक वातावरणमा प्रविधि र व्यवस्थापनको एकीकृत ज्ञान अनिवार्य बन्दै गएको छ । सोही आवश्यकतालाई मध्यनजर गर्दै कार्यक्रम डिजाइन गरिएको हो । प्लस टुपछि व्यवस्थापन वा सूचना प्रविधि रोज्ने सामान्य अन्योल सम्बोधन गर्दै कार्यक्रमले दुवै क्षेत्रलाई एउटै पाठ्यक्रममा समेट्ने अवसर प्रदान गर्ने कलेजले जनाएको छ । कलेजका प्रिन्सिपल खुशल रेग्मीले प्रविधि र व्यवसायको एकीकृत अध्ययन अबको आवश्यकता भएको बताउनुभयो । उहाँले भन्नुभयो, ‘आजको बजारमा प्रविधिबिना व्यवसाय र व्यावसायिक बुझाइबिना प्रविधि दुवै अपूरा हुन्छन् । यो कार्यक्रमले विद्यार्थीलाई डेटा, एआई र बिजनेस इन्टेलिजेन्सको प्रयोगमार्फत् रणनीतिक निर्णय क्षमता विकास गर्न सहयोग गर्नेछ ।’ पाठ्यक्रममा बिजनेस इन्टेलिजेन्स एण्ड डाटा एनालिटिक, व्यवसायमा एआई प्रयोग, डिजिटल व्यवसाय रणनीति तथा टेक्नोलोजी र वित्तीय व्यवस्थापन जस्ता विषयहरू समावेश छन् । कार्यक्रम पूर्णरूपमा उद्योग-केन्द्रित सिकाइमा आधारित रहेको बताइएको छ । शैक्षिक कार्यक्रमसँगै सनवे कलेजले स्टार्टअप इन्क्युबेसन कार्यक्रम पनि सञ्चालन गर्दै आएको छ, जसअन्तर्गत विद्यार्थी तथा युवा उद्यमीलाई आफ्ना आइडिया विकास, व्यावसायिक रूपान्तरण र बजार प्रवेशमा सहयोग प्रदान गर्दै आएको छ । हालै कलेजले एआई इन्नोभेसन सेन्टरमार्फत् एआईसम्बन्धी अनुसन्धान, प्रयोगात्मक सिकाइ र नवप्रवर्तन गतिविधि पनि अघि बढाएको छ । जसले विद्यार्थीलाई वास्तविक समस्या समाधानमा आधारित प्रविधि प्रयोग गर्ने अवसर प्रदान गरिरहेको छ । कलेजले सुरु गर्न लागेको नयाँ शैक्षिक कार्यक्रम पूरा गरेपछि विद्यार्थीले बिजनेस इन्टेलिजेन्स एनालिष्ट, एआई बिजनेस कन्सल्टेन्ट, डिजिटल इन्टरप्रेनियर तथा डाटा एण्ड सिस्टम म्यानेजर जस्ता क्षेत्रमा करियर बनाउन सक्ने अपेक्षा गरिएको छ । सनवे कलेजले उक्त कार्यक्रमका लागि भर्ना पनि खुला गरेको जनाएको छ ।*-इहिमालयन डटकम*

## आठ विश्वविद्यालयका उपकुलपतिको सर्टलिस्ट सार्वजनिक




विभिन्न आठ विश्वविद्यालयका उपकुलपति नियुक्तिका लागि प्राप्त आवेदनमध्ये अल्पसूची (सर्टलिस्ट) मा परेका उम्मेदवारहरूको नामावली सार्वजनिक गरिएको छ । उपकुलपति पदमा नियुक्तिका लागि नाम सिफारिस गर्न गठित छनोट तथा सिफारिस समितिको आज बसेको बैठकले त्रिभुवन विश्वविद्यालय, पोखरा विश्वविद्यालय, पूर्वाञ्चल विश्वविद्यालय, लुम्बिनी बौद्ध विश्वविद्यालय, कृषि तथा वन विज्ञान विश्वविद्यालय, मध्यपश्चिम विश्वविद्यालय, सुदूरपश्चिम विश्वविद्यालय र राजर्षि जनक विश्वविद्यालयकाको उपकुलपतिको उम्मेदवारको सर्टलिस्ट सार्वजनिक गरेको हो । ‘विभिन्न विश्वविद्यालयको उपकुलपति छनोट तथा सिफारिससम्बन्धी एकीकृत कार्यविधि, २०८३’ बमोजिम पहिलो पटक एकीकृत प्रक्रियामार्फत उपकुलपति नियुक्ति प्रक्रिया अघि बढाइएको हो । सर्टलिस्ट अनुसार त्रिभुवन विश्वविद्यालयमा, पूर्वाञ्चल विश्वविद्यालयमा, पोखरा विश्वविद्यालय, राजर्षि जनक विश्वविद्यालय, मध्यपश्चिम विश्वविद्यालय, कृषि तथा वन विज्ञान विद्यालयमा समान १० र लुम्बिनी बौद्ध विश्वविद्यालयमा ७ जना उम्मेदवार रहेका छन् । सर्टलिस्टमा रहेका उम्मेदवारहरूका सम्बन्धमा २०८३ जेठ २५ गतेभित्र राय सुझाव दिन सकिने छ । प्राप्त सुझाव र मूल्याङ्कनका आधारमा अन्तिम सिफारिस प्रक्रिया अघि बढाइने जनाइएको छ । उपकुलपति पदका लागि कुल २१८ वटा आवेदन परेका थिए । त्यसमध्ये विज्ञले दिएको नम्बरको आधारमा अल्पसूची सार्वजनिक गरिएको हो । सरकारले गत वैशाख २४ गते त्रिभुवन विश्वविद्यालयसहित आठ विश्वविद्यालयमा रिक्त उपकुलपति पदका लागि दरखास्त आह्वान गरेको थियो । छनोट तथा सिफारिस समितिको जेठ १३ गते बसेको बैठकले प्राप्त आवेदनहरूको प्रारम्भिक परीक्षण गरी योग्य आवेदकहरूको दरखास्त स्वीकृत गरेको थियो । विश्वविद्यालयका कुलपति बालेन शाहले उपकुलपतिको नाम सिफारिस गर्न शिक्षामन्त्री सस्मित पोखरेलको अध्यक्षतामा सिफारिस समिति गठन गरेका थिए । उक्त समितिले विज्ञको नेतृत्वमा अर्को उपसमिति बनाएर विज्ञले दिएको नम्बरको आधारमा सर्टलिस्ट तयार गरिएको मन्त्रालयले जनाएको छ । नयाँ कार्यविधिअनुसार नियुक्ति प्रक्रियामा पारदर्शिता, योग्यता प्रणाली र प्रक्रियागत निष्पक्षता सुनिश्चित गर्न विज्ञ समितिमार्फत प्रारम्भिक छनोटको व्यवस्था गरिएको छ ।*-रातोपाटी डटकम*

## शिक्षाको बाटो बन्द नगर !

यसै महिनाको पहिलो साता सडक डिभिजन काठमाडौंबाट एउटा पत्र पठाइयो । सार्वजनिक महत्त्व र चासोको विषयको पत्र भएकाले यसको उल्लेख गर्नु कानुनविपरीत नहोला । पत्र चन्द्रागिरि नगरपालिका र थाहा नगरपालिकालाई सम्बोधन गरिएको थियो र त्यसले सम्बन्धितहरूलाई जानकारीस्वरूप पठाइदिने धर्म निभाएको थियो । पत्रको विषय ‘थानकोट-चित्लाङ सडक निर्माण सुधार कार्य सञ्चालन भइरहेकोमा १४ दिनका लागि पानीघट्टदेखि चित्लाङ बजारसम्मको सडक खण्ड पूर्णरूपले बन्द हुने’ भन्ने थियो । यो सडक भनेको काठमाडौं उपत्यकादेखि चन्द्रागिरि पर्वत (उचाइ २,५५० मिटर) भएर कुलेखानी हुँदै मधेस झर्ने ऐतिहासिक बाटो हो । थानकोट, राजधानी भित्रिँदा जाँच गर्ने प्रहरी चौकी हो । अहिले पनि अधिकांश सवारीसाधनहरू यसै चौकी भएर भित्रिन्छन् तर जाँच भने माथि नागढुङ्गातिर सरेको छ । राजधानीपारिको चित्लाङ परापूर्वकालदेखि बसेको बजार हो । अंशुवर्मा (शासनकाल ई.सं. ६०५-६२१) द्वारा ठड्याइएको शिलालेख अहिले पनि त्यहाँ छ । बजार र बस्तीमा उही बेलातिर निर्माण भएका बुद्धकालीन चैत्यहरू पनि देख्न सकिन्छ । स्थानीय बासिन्दाका अनुसार तिनै चैत्य ‘वनेगु लाँ’ (नेपाल भाषामा चैत्य जाने बाटो) अपभ्रंश भएर ’चित्लाङ’ भनिएको हो । पानीघट्ट काठमाडौं थानकोटतिरको स्थान हो ।

चित्लाङ चन्द्रागिरिपारिको बजार भइहाल्यो । त्यो बाटो हिँड्ने सबैलाई थाहा छ यो दूरी करिब १२ किलोमिटरमात्र हो । अहिले सुधार हुँदैगरेको बाटो ५-६ किलोमिटरभित्र हो । कतिपयले यसलाई ‘असारे विकास’ भनेर व्यङ्ग्य गरे, कतिपयलाई लागेको पनि होला बाटो थुन्नु सुरक्षाका लागि ठीकै हो । तथापि, स्थानीय बासिन्दा र उक्त बाटो भएर रोजीरोटी गर्नेलाई मात्र थाहा हुन्छ - त्यो आधा महिना भनेको उनका लागि कति ठूलो आर्थिक-सामाजिक सङ्कट हो । नेपाली हुन् । यसैले उनीहरू यसलाई प्रारब्ध मान्नेछन् र भाग्यमा लेखिएको दोष मेटाउन मन्दिर धाउनेछन् ।नेपाली भाषाका महाकवि लक्ष्मीप्रसाद देवकोटा (१९०९-१९५९) कुनै बेला यही चन्द्रागिरिको उकालो उक्लेर चित्लाङ झर्दै थिए । उनले त्यहाँ मानिसलाई काँधमा बोकाएर मन्दिर जाँदै गरेका सम्भ्रान्तहरू देखे । नेपाली चलचित्र ‘वासुदेव’ मा जब यो गीत समावेश गरियो, धेरैले मन पराए र यसले ठूलो प्रख्याति कमायो। देवकोटाको ‘यात्री’ कविता जति प्रख्यात छ चित्लाङ बजार पुग्नुअघिको पाँचधारा वा गुर्जुधारा त्यति प्रख्यात नहोला । तर ती धाराहरू अझै त्यहाँ मौजुद छन् । अहिले सडक विभागले जारी गरेको बन्दको आज्ञा तिनै धारा भएर जाने बाटोलाई हो । तर यो अनर्थको युक्ति निकालेकामा नेपालमा कविता लेख्ने कोही भएनन् । सबैलाई विकास चाहिएको छ, सडक चाहिएको छ चाहे तिनले वातावरण तहसनहस पारून् वा बाढीपहिरो निम्त्याऊन् । छु मतलब ? मार्ग, राजमार्ग, लोकमार्ग केका लागि ? बाटोका लागि तरकारी बोकेर बजार जाने होइन होला त । तरकारी बोकेर बजार जानका लागि बाटो बनाउने होला । तर यतिखेर हामी साधनलाई साध्य बनाउँदै छौँ । बाटो साध्य होइन, साधन हो । किसानले फलाएको अन्नपात बाटो उपयोग गरी बजार लगेर उपभोक्तासम्म पुऱ्याउनु साध्य हो । किसान र उपभोक्तालाई जोड्ने बाटो साधन हो । साध्यले साधनको अस्तित्व




जोडेको हो । साध्यबिना साधनको के अर्थ रहन्छ ? चन्द्रागिरिको हकमा साधनका लागि साध्यलाई निषेध गरिएको छ । चन्द्रागिरिको पल्लो ढलोको पानी चित्लाङ बजार हुँदै कुलेखानी पुग्छ । कुलेखानीमा त्यसरी बगेर गएको पानीलाई ११४ मिटर अग्लो बाँधले छेकेर बिजुली निकाली राजधानीबासीको घरचोक, अड्डाअदालत, सडकबजार झिलिमिली पारिदिएको छ । तथापि, हाम्रा कुनै नीति र योजनाहरूमा चित्लाङ कहिल्यै प्राथमिकतामा परेन । एक प्रकारले चित्लाङ राजधानीछेउको ‘कर्णाली’ बन्यो अथवा सर्लाहीको कुनै ‘मुसहर’ बस्ती । नेपालमा एउटा बाटो बनाउन कति समय लाग्दो हो ? स्थानीय बासिन्दाका अनुसार थानकोट-चित्लाङ मार्ग सुरु भएको सन् १९६८ देखि हो । अहिले स्तरोन्नति गर्ने भनिएको परियोजना पनि चार वर्ष नाघिसकेको छ । नेपाल पहाडी मुलुक हो । तैपनि यतिका वर्ष नलाग्नुपर्ने ! जस्तै- करिब ५० किलोमिटरको धरान-धनकुटा राजमार्ग सन् १९७६ तिर बन्न सुरु भएको थियो र १९८२ मा यो सम्पन्न भएको थियो । अहिले चर्चा गरिरहेको थानकोट-चित्लाङ मार्ग जम्मा १४ किलोमिटरको छ तर अझै सकिएको छैन । यसैबीच एउटा निजी कम्पनीले केबलकार जोडिसकेको छ । एउटा बाटो बनाउन जनताले कति वर्षसम्म सास्ती खेप्नुपर्ने ? चित्लाङ सधैँ अभिशप्त छ । कुनै बेला यहाँका गोले, पाखिन, बलामी, गोपालीसहित थुप्रै जनतालाई राज्यले गरुङ्गा गाडीहरू बोकायो । तपाईं कल्पना गर्नुहोस् आजभन्दा सय वर्षअघि चन्द्रागिरिको उकालो कस्तो थियो होला ? तपाईंका पुर्खाले खाली खुट्टामा ती १५ सय, २ हजार किलोका गाडीहरू बोकेर कसरी काठमाडौं पुऱ्याए होलान् ? कुनै बेला भोकाएका पृथ्वीनारायण शाहलाई यहींका जनताले भातदाल खुवाएका थिए र तातो भात कसरी खानुपर्छ भनेर सिकाएका पनि थिए । एउटा तारतम्य कस्तो जुऱ्यो भने चित्लाङमा पछिल्लो वर्ष एउटा अन्तर्राष्ट्रिय स्तरको विश्वविद्यालय - ‘मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालय’ (एमबस्ट) को स्थापना भएको छ । न्यायोचित र समृद्ध नेपाल यस विश्वविद्यालयको अभियान हो । देशको आर्थिक कायापलटमा वैज्ञानिक अनुसन्धान, प्रविधि विकास र नवप्रवर्तनका माध्यमबाट सघाउने यसको एकमात्र उद्देश्य रहेको छ । एमबस्ट नेपाली नमुनाको विश्वस्तरीय विश्वविद्यालय बन्ने तरखरमा छ । विश्वविद्यालयको स्तरीयता मापन गर्ने एउटा स्थापित आधार ‘क्युएस’ (क्वाक्वाइरेली साइमन्ड्स) र्‍याङ्किङ हो । यस र्‍याङ्किङमा विश्वभरिबाट १५ सय विश्वविद्यालयहरू सूचीकृत छन् । सारै नमीठो कुरा हो कि त्यसभित्र नेपालको कुनै पनि विश्वविद्यालय पर्दैन । हाम्रा केटाकेटीहरू विदेश पढ्न जानुको एउटा प्रमुख कारण यो पनि हो । यसकारण नो अब्जेक्सन सर्टिफिकेट लिएर विदेश पढ्न जाँदा नेपालबाट वर्षमा १४ खर्ब रुपैयाँ बाहिरिन्छ भनेर दुःखमनाउमात्र गरेर भएन यसको कारण पत्ता लगाएर निवारण गर्नु पऱ्यो । सरकारले जारी गरेको १०० बुँदे कार्यक्रमको ८३ औं बुँदाले विश्वविद्यालयको शैक्षिक क्यालेन्डर कायम गर्ने कुरा उठान गरेको छ । यो जरुरीमात्र होइन, अति जरुरी छ । शैक्षिक क्यालेन्डर शैक्षिक गुणस्तरको नापो हो । गुणस्तर कायम नहुँदा हाम्रा थुप्रै प्रतिभाहरू विदेश गइरहेका छन् र सँगै ठूलो धनराशि पनि । एमबस्टले यस्तो क्यालेन्डर कायम गरेको छ तर थानकोटदेखिको बाटो बेलाबेला बन्द गरेर हामीले यसमा तगारो हाल्दै छौँ । धुलिखेलस्थित काठमाडौं विश्वविद्यालय तीनचार वर्षदेखि यस्तै समस्याबाट भुक्तमान छ । कसले कसलाई दोष दिने ? यसको जिम्मेवार को हुने ? विकास र जीवन सँगसँगै जाने हो । शिक्षा र तालिम जीवनको एउटा अभिन्न अङ्ग हो । सन् १९५५ मा सुरु भएको भियतनामको युद्ध झन्डै २० वर्षसम्म चलेको थियो तर त्यहाँ विद्यालय र विश्वविद्यालयहरू कहिल्यै बन्द भएनन् । बमबारी भए, कक्षाकोठाहरू ध्वस्त भए, खेलकुद मैदानहरू युद्धभूमि बने तर पढाइ रोकिएन । दोस्रो विश्वयुद्धताका पनि यस्तै परिस्थिति थियो । रुसमा मात्रै २० हजार विद्यालय र कलेजहरू बमबारीमा परे । तर शिक्षकले पढाउने र विद्यार्थीले पढ्ने क्रम रोकिएन । युद्धपछिको कुरा गरौं । केही वर्षअघिको समाचार हो चीनको ग्वाङ्डोङ प्रान्तका ३८ स्थानहरूमा त्यहाँको सरकारले चार दिनसम्म यातायातको रुट नै परिवर्तन गरिदियो । किनभने ती स्थानहरूमा ‘गाओकाओ’ भनिने कलेज प्रवेश परीक्षा चलिरहेको थियो । यसो गर्नुको कारण सवारीसाधनको आवागमनले परीक्षार्थीहरूलाई कुनै किसिमको समस्या नहोस् भन्ने थियो । त्यस्तै कतिपय सहरहरूमा निर्माण कार्यमै रोक लगाइयो । बेइजिङका बासिन्दाहरूले आफ्नो टोल छिमेकलाई “अझ शान्तपूर्ण बनाऔँ” भन्ने ब्यानर टाँगे । विकास र शिक्षा हातेमालो गर्दै अघि बढ्ने अभियान हुन् । अझ शिक्षालाई अघि लगाउँदै विकासले त्यसलाई पछ्याउने हो । यसैले शिक्षालाई ज्योति भनिन्छ । कुनै पनि बहानामा यो ज्योति निभ्न दिनु हुँदैन । शिक्षाको बाटो बन्द नगरौं !

*-बाह्रखरी डटकम*

# एसइई पूरकको नतिजा दुई साताभि प्रकाशन गरिने




**पाल्पा,** जेठ २४/राष्ट्रिय परीक्षा बोर्ड, परीक्षा नियन्त्रण कार्यालयले माध्यमिक शिक्षा परीक्षा (एसइई) को पूरक (ग्रेडवृद्धि) परीक्षा सम्पन्न भएको दुई साताभित्र नतिजा प्रकाशन गर्ने गरी तयारी गरेको छ । अघि, एसइइ ( २०८२ को परीक्षाफल एक महिनामा प्रकाशन गरिएको थियो ।

परीक्षा नियन्त्रण कार्यालयले आगामी असार २५ गतेभित्र पूरक परीक्षाको परीक्षाफल प्रकाशन गर्ने गरी तयारी गरेको छ । आगामी असार १ देखि ९ गतेसम्म पूरक परीक्षा हुँदैछ । एसइईमा एक लाख ४६ हजार ५०७ विद्यार्थी 'ननग्रेडेड' भएकामा पूरक परीक्षामा कतिले सहभागिता जनाउँछन् भन्ने यकिन तथ्याङ्क प्राप्त भइसकेको छैनन् । 'ग्रेड सि' भन्दा कम प्राप्त गरेका विद्यार्थी पूरक परीक्षामा सहभागी हुनेछन् । बोर्डका अनुसार दुई विषयसम्म एनजी आउने विद्यार्थी ग्रेड वृद्धि परीक्षामा सहभागी हुनेछन् । सोभन्दा बढी विषयमा एनजी आउनेले अर्को वर्षको नियमित परीक्षामा सहभागी हुनुपर्ने प्रावधान रहेको छ । चैत २९ गते सकिएको एसईईमा ५ लाख १२ हजार ४ सय २१ जना विद्यार्थी सहभागी भएका थिए । जसमा दुई लाख ५७ हजार ६ सय १३ जना छात्रा, २ लाख ५४ हजार ८ सय १ छात्र र ७ जना अन्य विद्यार्थी परीक्षामा सहभागी भएका थिए । जापानको एभरेस्ट स्कुलबाट २३ जना विद्यार्थी परीक्षामा सहभागी भएका थिए । देशभर १ हजार ९ सय ६६ परीक्षा केन्द्रमा परीक्षा सञ्चालन भएको थियो ।

## महिला जनप्रतिनिधिमाथि...

...साथै, प्रमुख जिल्ला अधिकारी, प्रहरी उपरीक्षक तथा सम्बन्धित निकायलाई घटनाको संवेदनशीलतालाई मध्यनजर गर्दै निष्पक्ष अनुसन्धान अघि बढाउन आग्रह गरिएको छ । दलहरूले प्रशासनले सुशासन, कानुनी शासन र न्यायिक प्रक्रियाको प्रत्याभूति नगरे थप आन्दोलनका कार्यक्रम सार्वजनिक गर्न बाध्य हुने चेतावनी समेत दिएका छन् । त्यसबाट सिर्जना हुने परिस्थितिको जिम्मेवारी प्रशासनले नै वहन गर्नुपर्ने उनीहरूको भनाइ छ । उक्त संयुक्त विज्ञप्तिमा नेपाली कांग्रेसका सभापति खिलध्वज पन्थी, नेकपा (एमाले) का उपसचिव चक्रबन्ध भुसाल, नेकपाका संयोजक तेजिन्द्र सलामी मगर तथा राष्ट्रिय जनमोर्चाका प्रतिनिधि हरि न्यौपानेको हस्ताक्षर रहेको छ । दुर्व्यवहारको घटनालाई लिएर गुल्मीका विभिन्न संघसंगठनमा आबद्ध महिलाहरूले जिल्ला प्रहरी र जिल्ला प्रशासन कार्यालयमा प्रदर्शन गरेका छन् । उनीहरुले इस्मा गाउँपालिकाकी उपाध्यक्ष पार्वती कुँवरमाथि आक्रमण गर्न खोज्ने समूहलाई तत्काल पक्राउ गरी कारबाही गर्नुपर्ने र समग्र महिलाहरूको सुरक्षाको माग राख्दै प्रदर्शन गर्दै आएका छन् ।

## नेतृत्व र लोकतन्त्र...


...संसदमा सत्ता पक्षका सांसदले शिक्षामा सबै नागरिकहरुको समान पहुँच र अवसर सुनिश्चत गर्न शिक्षा नीति र कानुन संशोधन गर्ने विषयमा सङ्कल्प प्रस्ताव पेस गरेका थिए । शिक्षासम्बन्धी सङ्कल्प प्रस्तावमा बालबालिकाहरुले सक्षापक्ष र प्रतिपक्षी सांसदको रुपमा पक्ष र विपक्षमा कुराहरु राखे । सत्तापक्ष र प्रतिपक्ष संसद्ले राखेका प्रश्न तथा जिज्ञासाको शिक्षा मन्त्रीले जवाफ दिए । शिक्षा मन्त्रीले शिक्षामा समान अवसर र पहुँचको लागि सङ्कल्प प्रस्ताव पारित गर्नुपर्ने आवश्यताका रहेको बताउँदै सभामुखलाई टेबल गर्न अनुरोध गरे । नमूना संसद्मा सभामुखले शिक्षा नीतिको सङ्कल्प प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गरिन् । सङ्कल्प प्रस्तावको पक्षमा बहुमत भएपछि सभामुखले सङ्कल्प प्रस्ताव पारित भएको घोषणा गर्दै अर्को सूचना नभएसम्मका लागि संसद्को बैठक स्थगित भएको घोषणा गरिन् र नमूना युवा संसद्को एकदिने कार्यक्रम सकियो । यस्तै अभ्यास तानसेन नगरपालिका (९ स्थित दमकडा नमूना माध्यमिक विद्यालयका विद्यार्थीले पनि गरे । दमकडा मावि र टोनी हेगन फाउन्डेसनको आयोजनामा नमूना संसद्को अभ्यास गरिएको थियो । विद्यार्थीलाई संसद्को बैठक प्रक्रियाबारे जानकारी दिन, उनीहरूको तर्क गर्ने क्षमताको विकास गर्न र लोकतन्त्रमा अभ्यस्त बनाउन कार्यक्रम आयोजना गरिएको विद्यालय व्यवस्थापन समितिका अध्यक्ष राजेशकुमार अर्यालले बताए । ससंदीय अभ्यास, संसद् सञ्चालन गर्ने नीति नियम, प्रक्रिया विधिको बारेमा प्रत्यक्षरुपमा आफैँ अभ्यास गर्न पाउनुको साथै, शून्य समयदेखि विधेयक प्रस्तुति, संसद्ले कुरा राख्ने तरिका, विधेयक माथिको बहसको बारेमा जान्ने अवसर पाएको देववाणी स्कुलका छात्र संयोग बस्यालले बताए । भोलिको दिनमा राजनीतिशास्त्र पढेर राजनीति गरेमा पनि नमूना युवा संसद् कार्यक्रमले नयाँ बाटो सिकाएको उनले बताए । तोकिएको जिम्मेवारी तथा पदिय दायित्व निर्वाह गर्दा निकै संयमित, अध्ययनशील, नियम कानुनदेखि संविधानसम्मका कुराहरुलाई ध्यान दिएर काम गर्नुपर्ने रहेछ भन्ने नयाँ सिकाइ भएको नमूना युवा संसद्मा सभामुखको भुमिकामा रहेकी छात्रा स्वस्तिका पाण्डेले बताइन् । विद्यालयले किताबी ज्ञानलाई समय(समयमा विद्यार्थी तथा बालबालिकाहरुलाई व्यवहारिक अभ्यास गराउँदै आएको छ । विद्यार्थीहरुलाई स्थानीयदेखि राष्ट्रियस्तरका विभिन्न विषयबस्तुमा व्यावहारिक अभ्यास गराउँदै आइएको विद्यालयका प्रधानाध्यापक कृष्णबहादुर थापाले बताए । उनका अनुसार विद्यार्थीले टिभी, मोवाइलमा हेर्दै पाठ्यपुस्तकमा पढ्दै आएको संसदीय अभ्यासलाई नियम कानुन र संविधान अध्ययनसहित संसद्मा हुने गतिविधिहरुलाई नमूना युवा संसद् कार्यक्रममार्फत अभ्यास गराइएको हो । विद्यालयले अन्य समयमा पनि बालबालिकालाई किताबी ज्ञान मात्र नभई विषयवस्तुमा आधारित रहेर व्यावहारिक अभ्यास गराउँदै आएको र सो अभ्यासले बालबालिकालाई राम्रो अवसर प्रदान गरेको कार्यक्रम अवलोकनकर्ता विद्यालय व्यवस्थापन समितिकी अध्यक्ष उमादेवी अर्यालले बताइन् । बालबालिकाको चौतर्फी क्षमता विकास गर्न, किताबी ज्ञानलाई व्यवहारिक ज्ञानमा परिणत गर्न, साथै वर्तमान अवस्थामा नेपालको शिक्षाको अवस्थाबारे बालबालिकालाई जानकारी गराउन विद्यालयमा नमूना युवा संसद् कार्यक्रममा बालबालिकालाई सहभागी गराइएको टोनी हेगन फाउण्डेसन नेपालका सचिव एव पूर्वसंसद् फटिक थापाले बताए । जिल्लाका अन्य विद्यालयहरुमा पनि यस्तो अभ्यास सञ्चालन भइरहेका छन् । आजका युवा नै भविष्यमा देश, प्रदेश र स्थानीय तहको नेतृत्व गर्ने छन् उनीहरूलाई अहिलेदेखि नै संसदीय अभ्यासबारे ज्ञान दिन सकियो भने भोलि दक्ष जनप्रतिनिधि उत्पादन गर्न सकिन्छ भन्ने सोचका साथ विद्यालयहरुले यस्तो अभ्यास चलाएका हुन् ।

**नेतृत्व र लोकतन्त्र सिकाउने माध्यम**

विद्यालय केवल पाठ्यपुस्तक पढ्ने ठाउँ मात्र होइन, जीवन उपयोगी सीप सिक्ने थलो पनि हो । विद्यार्थीलाई जिम्मेवार नागरिक बनाउन विद्यालयमा विभिन्न अतिरिक्त क्रियाकलाप सञ्चालन गरिन्छ । यस्तै प्रभावकारी र शिक्षाप्रद गतिविधिमध्ये संसद् अभ्यास अत्यन्त महत्वपूर्ण मानिन्छ । संसद् अभ्यासले विद्यार्थीलाई लोकतन्त्र, नेतृत्व, अनुशासन, तर्क प्रस्तुत गर्ने कला तथा सहकार्यको भावना विकास गर्न मद्दत गर्दछ । संसद् अभ्यास भनेको विद्यालयमा वास्तविक संसद्को जस्तै वातावरण सिर्जना गरी विद्यार्थीलाई सभामुख, प्रधानमन्त्री, मन्त्री, प्रतिपक्ष तथा सांसदको भूमिका निर्वाह गराउने अभ्यास हो । यसमा विद्यार्थीहरूले विभिन्न समसामयिक विषयमा छलफल गर्छन्, प्रश्न सोध्छन्, तर्क प्रस्तुत गर्छन् र निर्णय प्रक्रियामा सहभागी हुन्छन् । यसले उनीहरूलाई लोकतान्त्रिक अभ्यासको प्रत्यक्ष अनुभव दिलाउँछ । विद्यालयमा संसद् अभ्यास सञ्चालन गर्दा विद्यार्थीहरूमा बोल्ने आत्मविश्वास बढ्छ । धेरै विद्यार्थी सार्वजनिक रूपमा आफ्ना विचार राख्न हिच्किचाउँछन्, तर यस्तो अभ्यासले उनीहरूलाई खुलेर बोल्न प्रेरित गर्छ । साथै, आफ्ना विचारलाई तर्कसङ्गत ढङ्गले प्रस्तुत गर्ने क्षमता पनि विकास हुन्छ । विद्यार्थीहरूले अरूको विचार सुन्ने, सम्मान गर्ने र सहमत( असहमत जनाउने सभ्य शैली सिक्छन् । यस अभ्यासको अर्को महत्वपूर्ण पक्ष नेतृत्व विकास हो । जब विद्यार्थीहरूले मन्त्री, सभामुख वा सांसदको भूमिका निर्वाह गर्छन्, उनीहरूमा जिम्मेवारीबोध बढ्छ । समूहलाई नेतृत्व गर्ने, निर्णय लिनसक्ने तथा समस्या समाधान गर्ने क्षमता विकास हुन्छ । भविष्यमा सक्षम नागरिक र असल नेतृत्व तयार पार्न यस्ता गतिविधिले ठूलो योगदान पुऱ्याउँछन् । संसद् अभ्यासले विद्यार्थीलाई देशको शासन व्यवस्था र लोकतान्त्रिक मूल्यबारे पनि जानकारी दिन्छ । संविधान, संसद्, कानुन निर्माण प्रक्रिया तथा नागरिक अधिकार र कर्तव्यबारे व्यावहारिक ज्ञान प्राप्त हुन्छ । यसले विद्यार्थीलाई सचेत र जिम्मेवार नागरिक बन्न प्रेरित गर्दछ । संसद् अभ्यास प्रभावकारी बनाउन विद्यालय प्रशासन, शिक्षक तथा विद्यार्थी सबैको सक्रिय सहभागिता आवश्यक हुन्छ । विषय छनोट, अनुशासन तथा समय व्यवस्थापनमा ध्यान दिनुपर्छ । साथै, सबै विद्यार्थीलाई सहभागी हुने अवसर प्रदान गरिनु आवश्यक छ । विद्यालयमा संसद् अभ्यास गर्नु केवल मनोरञ्जनात्मक कार्यक्रम होइन, यो विद्यार्थीको व्यक्तित्व विकास गर्ने महत्वपूर्ण शैक्षिक प्रक्रिया हो । यसले विद्यार्थीलाई लोकतन्त्रको मर्म बुझ्न, नेतृत्व क्षमता विकास गर्न र जिम्मेवार नागरिक बन्न सहयोग पुऱ्याउँछ । त्यसैले प्रत्येक विद्यालयले यस्ता रचनात्मक गतिविधिलाई प्राथमिकता दिनु आवश्यक छ ।

### खेलकुद समाचार

## साफ महिला च्याम्पियनसिप उपाधि भारतलाई



**काठमाडौं,** जेठ २४/साफ महिला च्याम्पियनसिप-२०२६ को उपाधि घरेलु टोली भारतले जितेको छ । गोवाको जवहरलाल नेहरु रङ्गशालामा शनिबार भएको फाइनलमा भारतले बङ्गलादेशलाई ३-१ गोल अन्तरले हराउँदै उपाधि जितेको हो । योसँगै भारतले साफ महिला प्रतियोगितामा छैटौँ पटक उपाधि जित्न सफल भयो । भारतको जीतमा सनफिदा नोंगरुम, प्यारी छाछा र लिन्डा कोमले एक-एक गोल गरे । बङ्गलादेशका लागि रितु पोर्ना चक्माले एक गोल गरिन । सेमिफाइनलमा बङ्गलादेशले नेपाललाई २-१ गोलले हराएको थियो भने भारतले भुटानलाई १-० गोलले हराउँदै फाइनलमा पुगेको थियो । पछिल्ला दुई संस्करण सन् २०२२ र २०२४ मा च्याम्पियन बनेको बङ्गलादेश यस पटक उपविजेता बन्यो ।

### अर्थ/कर्पोरेट समाचार

## परम्परागत खेतीभन्दा मौरीपालन लाभदायी



**भैरहवा,** जेठ २४/कृषिमा मेहनत र सही व्यवस्थापन गर्न सके सानो लगानीबाट पनि राम्रो आम्दानी लिन सकिन्छ भन्ने उदाहरण बनेका छन्, रुपन्देहीको तिलोत्तमा नगरपालिका-१४ का ५१ वर्षीय राजकुमार पुन । पुन मौरी फार्म सञ्चालन गर्दै आएका उनले मौरीपालनलाई व्यावसायिक रूप दिँदै वार्षिक करिब १५ लाख रुपियाँ आम्दानी गरिरहेका छन् ।



हाल उनको फार्ममा ४४ घार मौरी छन् । सुरुमा दुई वटा घारबाट व्यवसाय थालेका पुनले अहिले यसलाई विस्तार गर्दै व्यावसायिकस्तरमा पुऱ्याएका छन् । उनले मौरीपालन थालेको करिब २० वर्ष भइसकेको छ । "पहिले म विदेशमा थिएँ, बुवाले मौरीपालन सुरु गरेका छन् । पछि म पनि यही व्यवसायमा सक्रिय भएँ," पुनले भने । उनका ७८ वर्षीय बुवा कर्णबहादुर पुनले सुरु गरेको व्यवसाय अहिले परिवारको मुख्य आयस्रोत बनेको छ । सुरुवाती चरणमा करिब दुई लाख रुपियाँ लगानी गरिएको फार्ममा हालसम्म करिब छ लाख रुपियाँ लगानी भइसकेको छ । पुनका अनुसार वार्षिक करिब २२ क्विन्टल मह उत्पादन हुन्छ । प्रतिकेजी सात सय रुपियाँका दरले बिक्री हुने महबाट राम्रो आम्दानी भइरहेको छ । मौरीका लागि आवश्यक चरन व्यवस्थापन भने चुनौतीपूर्ण छ । मौरीलाई पर्याप्त फूल र वनस्पति उपलब्ध गराउन उहाँले घारहरू पाल्पाको सरायँ क्षेत्र, रुपन्देहीको मर्चवार तथा आसपासका जङ्गलक्षेत्रमा लैजाने गरेका छन् । "मौरीपालनमा चरन व्यवस्थापन निकै महत्वपूर्ण हुन्छ । लुम्बिनी प्रदेशका अधिकांश जिल्लासम्म पुग्ने मह काठमाडौँसम्म पनि आपूर्ति हुँदै आएको छ । गुणस्तरीय उत्पादनका कारण बजार विस्तार हुँदै गएको उनको भनाइ छ । कृषि ज्ञान केन्द्र रुपन्देहीका प्रमुख भाष्कर पौडेलले मौरीपालनलाई कम लगानीमा राम्रो प्रतिफल दिने व्यवसायका रूपमा उल्लेख गरे । "मौरीले मह उत्पादन मात्र गर्दैन, परागसेचनमार्फत कृषि उत्पादन बढाउन पनि महत्वपूर्ण भूमिका खेल्छ," उनले भने । मौरीपालनतर्फ किसानको आकर्षण बढाउन विभिन्न कार्यक्रम सञ्चालन गरिएको जानकारी दिँदै उनँले साना व्यवसायीलक्षित मह प्रशोधनका लागि कृषि ज्ञानकेन्द्रले सहयोग गर्ने गरेको बताए । *-रासस*


## बालबालिकाको खानपान र स्वास्थ्यमा ध्यान दिऔं।

-सन्तुलित र पौष्टिक आहार नियमित खुवाऔं,
-जंकफुड तथा अत्यधिक चिनी, नुन र तेलयुक्त खानेकुरा घटाऔं,
-नियमित खोप लगाऔं, स्वास्थ्य जाँच समयमै गराऔं,
-स्वच्छ पानी र सरसफाइमा ध्यान दिऔं,
-हातधुन र सरसफाइ गर्न सिकाऔं,
-पर्याप्त निद्रा र दैनिक खेलकुद/व्यायाममा प्रोत्साहन गरौं,
-मोबाइल/स्क्रिन समय सीमित गरौं,
-मानसिक स्वास्थ्य र सकारात्मक व्यवहारमा ध्यान दिऔं ।
स्वस्थ बालबालिका, उज्ज्वल भविष्यको आधार ।

नेपाल सरकार
विज्ञापन बोर्ड

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।


जनचेतना दैनिकको आधिकारीक वेबसाईट
शितलपाटी .कम
www.shittalpati.com डिजिटल पत्रिका



कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई